बैठक संख्या ९९

आज मिति २०७७।०८।१६ गते मंगलबार विहान ११:३० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

१ श्री गुमानध्वज कुँवर – अध्यक्ष
२ श्री कल्पना कुमारी श्रेष्ठ – उपाध्यक्ष
३ श्री खीर बहादुर श्रेष्ठ – सदस्य
४ श्री कृष्ण कुमार कार्की – सदस्य
५ श्री ज्ञान वहादुर तामाङ – सदस्य
६ श्री लोक बहादुर कुँवर – सदस्य
७ श्री अञ्चल कुमार लामा – सदस्य
८ श्री भरत बहादुर शिवभक्ती – सदस्य
९ श्री रमेश राज खरेल – सदस्य
१० श्री मोतिलाल तामाङ – सदस्य
११ श्री दल बहादुर तामाङ – सदस्य
१२ श्री चित्र बहादुर तामाङ – सदस्य
१३ श्री माया तामाङ – सदस्य
१४ श्री सानुमाया पहरी – सदस्य
१५ श्री उर्मिला वि. क. बराइली – सदस्य
१६ श्री सावित्रा अछामी – सदस्य
१७ श्री बालकृष्ण पहरी – सदस्य
श्री शंकर नेपाली – सदस्य
श्री मदन कुमार बजगाँई – सदस्य सचिव

Scanned with CamScanner

प्रस्तावहरु:

१ नदीहरुको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा

२ वडा नं ८ को भवन निर्माणस्थल सम्बन्धी ।

३ आर्थिक सहायता सम्बन्धमा ।

४ ५ वेडको अस्थायी अस्पताल निर्माणका लागि रकमान्तर सम्बन्धमा ।

५ प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

६ वाह्य खोप केन्द्र भवन निर्माण सम्बन्धमा ।

निर्णयहरु:

१ यस गाउँपालिका भएर बग्ने सुनकोशी तथा इन्द्रावती नदीहरु तपशिल बमोजिमका बगरमा ढुंगा गीटी तथा बालुवा उत्खनन् गर्ने प्रयोजनका लागि परामर्शदाता अपि प्वाइन्ट-चमेलिया प्वाइन्ट-लिम्पिया प्वाइन्ट जेभीको तर्फबाट प्रस्तुत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्विकृत गर्ने निर्णय गरियो ।

तपशिल

क. भुम्लु गाउँपालिका भएर बग्ने सुनकोशी नदी किनारको वडा नः ७ को पाटी बगर, आम्थली बगर र वडा नः १० को डडुवा बगर क्षेत्र ।

ख. भुम्लु गाउँपालिका भएर बग्ने सुनकोशी सुनकोशी नदी किनारको वडा नः१ को बाधा बगर,सिलामे बगर र वडा नः ८ को डुम्रे बगर क्षेत्र

ग. भुम्लु गाउँपालिका भएर बग्ने सुनकोशी सुनकोशी नदी किनारको वडा नः १० को पशुपति वगर क्षेत्र ।

घ. भुम्लु गाउँपालिका भएर बग्ने सुनकोशी सुनकोशी नदी किनारको वडा नः६ को आम्घाट बगर क्षेत्र ।

ङ. भुम्लु गाउँपालिका भएर बग्ने ईन्द्रवती नदी किनारको वडा नः९ को गर्तिला बगर क्षेत्र ।

च. भुम्लु गाउँपालिका भएर बग्ने ईन्द्रवती नदी किनारको वडा नः ८ को हर्राको बोट मुनीको वगर क्षेत्र र वडा नः ९को देउपाले बगर,लामपते बगर क्षेत्र ।

Scanned with CamScanner

२ वडा नं ८ को भवन निर्माणस्थल सम्बन्धमा यस कार्यालयमा वडा नं ८ को कार्यालयबाट पेश भएको जग्गाको सम्बन्धमा सो जग्गाको स्वामित्व एकिन गर्न मालपोत कार्यालय धुलिखेल समक्ष पत्राचार गर्ने ।

३ तपशिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने ।

क. भुम्लु गाउँपालिका वडा नं ५ निवासी जितराम तामाङको नाति प्रेम बहादुर लामाको छोरा वर्ष २८ को संजिव लामालाई रु ३० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

ख. भुम्लु गाउँपालिका वडा नं ९ का सुनील तामाङको श्रीमती लक्ष्मी तामाङलाई मृगौला रोग उपचारको लागि रु ३० हजार आर्थिक सहायता प्रदान गर्ने ।

ग. भुम्लु गाउँपालिका वडा नं ८ का कान्छाराम तामाङ (ना प्र नं ६१३१६) लाई मृगौला रोग उपचारको लागि रु ३० हजार आर्थिक सहायता प्रदान गर्ने।

४ यस गाउँपालिका अन्तरगत आइसोलेसन तथा ५ वेडको अस्थायी अस्पताल निर्माणका लागि बजेट शीर्षक नं ५८ को कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोष अन्तर्गतको अस्थायी अस्पताल निर्माण शीर्षकमा विनियोजन भएको रु २० लाख रकमबाट स्विकृत लागत अनुमान अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।

५ प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्ध यस गाउँपालिकाका सबै वडाहरुमा सुचिकृत भएका मध्ये प्राथमिकताका आधारमा युवा रुपान्तरणका लागि पहल आयोजना अन्तर्गत विनियोजित रकमबाट संचालित आयोजनाहरुमा १०१ जना र कामका लागि पारिश्रमिकमा आधारित आयोजनाका लागि थप प्रास रकमलाई समेत सोही अनुपातमा सबै वडाहरुमा रकम विनियोजन गरी थप १०१ जना गरी जम्मा २०२ जनालाई १०० दिनको रोजगारी उपलब्ध गराउने निर्णय गरियो ।

६ वाह्य खोप केन्द्र भवन निर्माण सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालय को मिति २०७७।०८।१४ को च नं २७९ को पत्रबाट भाग भए बमोजिमको गाउँघर क्लिनिक/ खोपकेन्द्र भवन यस गाउँपालिकाको वडा नं ४ को दुदुगाउँमा निर्माण गर्न सो कार्यालय समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner